# ७ पवित्र आत्माको फल

***यस अध्यायका मूल पदहरू:*** यूहन्ना १५:१-११, गलाती ५:२२, १ कोरन्थी १३, रोमी १४:१७, एफिसी ५:९ र मत्ती ५:५।

***यस अध्यायको सम्झनु पर्ने मूल सार पद:*** " तर पवित्र आत्माको फलले प्रेम, आनन्द र शान्ति उत्पादन गर्दछ। यसले धिरज, दयालु र असल बनाउँछ। यसले विश्वासिलो र कोमल तथा नरम र आफूले आफूलाई नियन्त्रमा राख्न सक्ने बनाउँछ। यस्तो खालको चरित्रको बिरुद्धमा कुनै पनि कानुनको आवश्यकता पर्दैन।" (गलाती ५:२२,२३ रूपान्तरित)।

सत्यरूपमा इसाई जीवन बिताउनु भनेकै पवित्र आत्माको फल हामीहरूको जीवनमा फलाइरहनु हो। पावल प्रेरितले नौ किसिमका आत्मिक फलको उल्लेख गर्दछन्। ती सबै फलहरू वा गुणहरू भनेकै एउटै फलमा भएका गुणहरू हुन्। त्यो किनभने इसाई जीवनमा ती गुणहरू एकै फलभएर बिकसित हुन्छ। यो पनि चासोको बिषय छ कि कोही मानिसमा पवित्र आत्माको फल छ भने त्यसले परमेश्वरको निम्ति के गर्न सक्षम् हुन्छ भनेर देखाइएको छैन। तर परमेश्वरको निम्ति कस्तो आदर्श जीवन बिताउँछ भनेर देखाउँदछ। येशूभक्त भनेर दावी गर्ने व्यक्ति कस्तो छ भनेर पवित्र आत्माको फलले देखाउँछ। गलाती ५:२२,२३मा उल्लेख गरिएका नौवटै गुणहरू येशू ख्रीष्टको जीवनमा पाइएको छ। पवित्र आत्माको शक्तिले त्यो जीवन उहाँले बिताउन सम्भव भएको थियो।

यो पनि थाहा पाउन जरुरी छ कि पवित्र आत्माको फल हामीहरूको अथक प्रयास वा कडा परिश्रमले हामीहरूको जीवनमा उम्रँदैन न त यो सम्भव छ कि मानिसहरूको सामु एकदम धर्मी बनेर पवित्र आत्माको फल फलाइरहेको जस्तो देखाउन सकिन्छ। तर हामीहरूको अथक प्रयास वा परिश्रम वा धर्मकर्मले उमारेको फल पवित्र आत्माले हामीहरूको हृदयमा काम गरेको जस्तो होइन। हामीहरूको प्रयासले उत्पादन गर्ने फल केवल नक्कली फलमात्र होइन। पवित्र आत्माको सक्कली फलसँग त्यो मिल्दैन। वास्तविक आत्मिक फल मानिसहरूको प्रयासले उम्रँदैन। तर परमेश्वरसँग सम्बन्ध राखेर त्यो उम्रन्छ। उहाँको लिखित वचन वा बाइबलद्वारा पवित्र आत्माले हामीलाई

येशूसँग जोड्नुहुन्छ। अनिमात्र परमेश्वरको चाहना अनुसार हामी काम गर्छौं, सोच्दछौं र अनुभव गर्दछौं। उहाँको फल हामीहरूको जीवनमा देखाउन सुरू गर्नेछौं।

## १. पवित्र आत्माको फल हामीहरूको जीवनमा फलाउन केको आवश्यकता छ? (यूहन्ना १५:१-१६)

येशूसँग जीवित वा जिउँदो सम्बन्ध (परजीवि होइन येशू जीवि-अनुवादकको सोच) राखेमात्र पवित्र आत्माको फल फल्नेछ भनेर यूहन्ना १५:१-१६ले हामीलाई स्पष्टरूपमा देखाउँछ। येशू बोट हुनुहुन्छ र हामीहरू हाँगा हौं। कुनै पनि हाँगा वा लहरा बोटसँग गाभिएर बस्नु जरुरी किन छ? त्यसलाई सोचेर हामी पनि येशूसँग कसरी गाभिएर बस्ने? हेर्नुहोस् उपरोक्त पदहरू: "१ "साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ। २ ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढ़ी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ। ३ मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ। ४ ममा रहो, र म तिमीहरूमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ। ५ "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ। ६ कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन्। ७ तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ। ८ तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गर्‍यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ। ९ "पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो। १० यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु। ११ मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस्। १२ "मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-

अर्कालाई त्यसरी नै प्रेम गर। १३ आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन। १४ म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गर्‍यौ भने, तिमीहरू मेरा मित्र हौ। १५ अबदेखि म तिमीहरूलाई सेवक भन्दिनँ, किनकि त्यसका मालिकले के गर्दछ सेवकले जान्दैन। तर मैले तिमीहरूलाई मित्र भनेको छु, किनभने जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु। १६ मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्। यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ।"

येशूसँग गाभिएर बस्नु नै येशूभक्तको जीवनमा वास्तविक फल फलाउने भेद हो। हामी जतिसुकै क्रिश्चियन हौं भनेर दावी गरेतापनि येशूख्रीष्टबिना हामी वास्तविक वा सत्य आत्मिक फल फलाउन सक्दैनौं। तर पवित्र आत्माको फल बाहिरबाट जबरजस्ती हामीमाथि लाड्न सकिन्दैन। बरू हामीहरूमा ख्रीष्टको जीवन रहेको छ भनेमात्र त्यसको नतिजाले पवित्र आत्माको फल फलाउन सकिन्छ वा पवित्र आत्माका गुणहरू हामीहरूको जीवनमा फस्टाउन सकिन्छ। यूहन्ना १५:१-११मा येशूभक्तहरू हाँगा वा लहरा र येशू दाखको मूल बोट हुनुहुन्छ भनेर येशूले औँल्याउनुभएको छ। जब हाँगारूपी विश्वासीहरू येशूमा रहन्छ तब उहाँको जीवनको प्रवाह तिनीहरूमाथि बगिरहेको छ भनेर पवित्र आत्माको फल तिनीहरूमाथि फलिरहेकोबाट थाहा पाइन्छ। फललाई बढाउने काम परमेश्वर पिताको हो तर हामीमा येशू ख्रीष्ट रहनुभयो भनेमात्र।

येशूमा गाभिएर बस्नु प्रत्येक येशूभक्तको जिम्मेवारी हो। यदि हामीहरूको सोचबिचारमा येशूलाई रहन दियौं भने हामीहरूको कामद्वारा उहाँ हामीहरूको जीवनमा रहनुभएको छ भनेर देखाउँदछ। उहाँको जीवन हामीद्वारा जीउनु हुन्छ। जब उहाँ यस संसारमा जुन् जीवन बिताउनुभयो त्यो जीवन हामीबाट देखाइनेछ। अर्को स्पष्ट शब्दमा भन्ने हो भने उहाँ को हुनुहुन्छ भनेर हामीहरूको जीवनद्वारा प्रदर्शित गरिनेछ।

पक्का पक्कि भन्ने हो भने पवित्र आत्माको फल भन्नु नै येशू ख्रीष्टको चरित्र हो। त्यो चरित्र येशूलाई पछ्याउनेहरूको जीवनमा पवित्र आत्माले उमार्नुहुन्छ। जब येशू हामीहरूमा रहनुहुन्छ तब हामी "पवित्र आत्माको

शक्तिले जीउनेछौं। अनि पापले नियन्त्रण गरेको चाहना अनुसार काम तिमीहरूले गर्दैन।" (गलाती ५:१६ रूपान्तरित)।

येशूकै शब्दमाः "प्रत्येक असल रुखले असल फल फलाउँछ। तर खराब रुखले खराब फल फलाउँछ। असल रुखले खराब फल फलाउन सक्दैन। र खराब रुखले असल फल फलाउन सक्दैन।" (मत्ती ७:७ रूपान्तरित)। त्यसकारण जब पवित्र आत्माद्वारा येशूसँग जीवित सम्बन्ध राखिन्छ तब विश्वासीको जीवनमा असल फल स्वभाविकै रूपमा फल्दछ। हामीहरूको जीवनमा पवित्र आत्माले काम गर्न दिन उहाँसँग मिल्नुपर्छ ताकि हामीहरूका हृदयहरूमा उहाँले काम गर्न सजिलो होस्। अनि हामीहरूको चरित्र वा स्वभावको परिवर्तन हुन्छ। तिनीहरूले येशू ख्रीष्टको चरित्र वा स्वभाव देखाउँछन्। हामीले जे बोल्छौं र जे गर्छौं वा सोच्छौं त्यसले उहाँको चरित्रलाई देखाउनेछ। येशू ख्रीष्टमा बिजयी जीवन बिताउन हामीलाई पवित्र आत्माले शक्ति अर्थात् बल दिनुहुन्छ। पवित्र आत्माको सहायताले हामीहरूमा फस्टाउने असल गुणहरूद्वारा हामीहरू परमेश्वरका सन्तान हौं भनि हामी देखाउन सक्षम हुनेछौं।

कतिपय मानिसहरू हामीहरू अध्यात्मिक जीवनमा भिजिरहेका छौं भनेर बाहिरिरूपमा देखाउलान् तर पवित्र आत्माले भरिएको जीवनले त्यो दावी गरेरमात्र पुग्दैन भनेर कसरी देखाउँदछ? हामीहरू आफै पनि कस्तो खालको आत्मिक जीवन बिताइरहेकाछौं भनेर कसरी देखाउने? हेर्नुहोस् २ तिमोथी ३:१-५ "१ तर यो बुझिराख, कि आखिरी दिनहरूमा डरलाग्दा समयहरू आउनेछन्। २ किनभने मानिसहरू आफैलाई मात्र माया गर्ने, रुपियाँपैसाको मोह गर्ने, घमण्डी, हठी, अरूको बदनाम गर्ने, आमा-बुबाको आज्ञापालन नगर्ने, बैगुनी र अपवित्र, ३ स्वाभाविक प्रेमरहितका, खुशी पार्न नसकिने, अरूको बदख्वाइँ गर्ने, दुराचारी, क्रूर, असल कुरालाई घृणा गर्ने, ४ विश्वासघाती, उत्ताउला, अहङ्कारले फुलेका, परमेश्वरलाई भन्दा सुख-विलासलाई प्रेम गर्ने, ५ *भक्तिको भेषचाहिँ लिने, तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन्। यस्ता मानिसहरूबाट अलग्ग बस।"*

## २. प्रेमको फल (गलाती ५:२२)

देहायका पदहरूले पवित्र आत्मा फलको प्रथम् र अत्यन्त उल्लेखनीय वा सर्वोत्तम भाग भनेको प्रेम हो भनेर किन बताइएको छ? प्रेमले नै

हामीहरूको जीवनमा हुनुपर्ने फलको सबै भागहरूलाई कसरी असर गर्दछ? हेर्नुहोस्: गलाती ५:२२,२३ "२२ तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, २३ नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन।" र १ कोरन्थी १३ "१ मैले मानिसहरू र स्वर्गदूतहरूको भाषामा बोलें तापनि ममा प्रेम छैन भने, म हल्ला मचाउने घण्टा र झ्याइँ-झ्याइँ गर्ने झ्याली मात्र हुन्छु। २ मसँग अगमवाणी बोल्ने शक्ति होला, र सबै रहस्य र सबै ज्ञानहरू बुझ्न सकूँला, र पहाड़हरू हटाउन सक्नेसम्मको सम्पूर्ण विश्वास मसित होला, तर ममा प्रेमचाहिँ छैन भने म केही पनि होइनँ। ३ यदि मैले सारा सम्पत्ति बाँड़िदिएँ, र मेरो शरीर जलाउनलाई दिइहालें, तर मसित प्रेम छैन भने मलाई केही लाभ हुँदैन। ४ प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ। ५ प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन। ६ प्रेम खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ। ७ प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ। ८ प्रेमको कहिल्यै अन्त्य हुँदैन। अगमवाणीहरू बितेर जानेछन्, भाषाहरू बन्द हुनेछन्, ज्ञान टलिजानेछ। ९ हाम्रो ज्ञान अपूर्ण छ, हाम्रो अगमवाणी अपूर्ण छ। १० तर जब सिद्धताचाहिँ आउनेछ, तब अपूर्णता टलिजानेछ। ११ जब म बालक थिएँ तब बालकजस्तै बोल्थें, बालकले जस्तो विचार गर्थे, बालकले जस्तै तर्क गर्थे, तर जब म जवान भएँ तब बालकको चाल छोडिदिएँ। १२ अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं। अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रूपले चिनिएको छु। १३ _अब विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो।"_

पवित्र आत्माको फलको बारेमा व्याख्या गर्दा पावलले प्रेमलाई प्रथम् स्थानमा राखेका छन्। त्यो किनभने सारा फललाई प्रवाह गर्ने तत्व प्रेम हो। यथार्थमा पवित्र आत्माको फलको शूचीमा उल्खेख गरिएका अरू गुण वा फलका भागहरू सबै प्रेमको भाग हो भनेर सोचे पनि हुन्छ। आखिरमा भन्ने हो भने "परमेश्वर प्रेम हुनुहुन्छ" (१ यूहन्ना ४:८)। त्यसकारण कोही पनि मानिसले आफूलाई क्रिश्चियन वा येशूभक्त हुँ भनेर दावी गर्छन् भने उनमा इसाई जीवन वा आचारण संहिताको सबभन्दा शिखर गुण प्रेम हुनुपर्छ (१ कोरन्थी १३:१३)। इसाई जीवनको जग र अरू प्रत्येक असलको स्रोत नै परमेश्वरको

प्रेम हो। "पवित्र आत्माद्वारा हामीहरूको हृदयमा परमेश्वरको प्रेम खनिएको छ" (रोमी ५:५ रूपान्तरित)। स्पष्ट रूपमा भन्नुपर्दा हामी परमेश्वरका सन्तान हौं भनेर देखाउन चाहन्छौं भने हामीमा भएको प्रेमले नै प्रमाणित गर्दछ।

यो प्रेम मानव स्नेह र भावनाभन्दा अत्यन्त गहिरो,, उच्च र फराकिलो छ। यो प्रेमलाई मानिसहरूको अथक प्रयासले उत्पादन गर्न सक्दैन। ख्रीष्टसँग गाभिएर बस्दामात्र यो प्रेम प्रस्टाउँछ। यस्तो खालको प्रेम उदारवादी र निश्वार्थी हुन्छ। यो प्रेम पाउनको निम्ति हामीले केही पनि गरेका छैनौं न त हामी त्यसको योग्य नै छौं। हामीहरूको जीवनलाई परिवर्तन गर्ने शक्ति त्यस प्रेममा मात्रै छ। त्यो किनभने परमेश्वरको प्रेम शक्तिशाली र कोमल छ। यसले पापी तथा दुष्ट काम गर्नेहरूलाई पश्चातापतिर डोऱ्याउँछ। एक फेरा एक आपसमा शत्रु भएकाहरूलाई एक बनाउने शक्ति त्यस प्रेममा छ (लूका ६:२७,२८, रोमी ५:८)। विश्वासीहरूको बीचमा भएको प्रेमले नै सारा संसारले थाहा पाउँछन् कि तिनीहरू येशू ख्रीष्टका पक्का भक्त वा अनुयायीहरू हुन् (यूहन्ना १३:३५)। प्रेमको फलले नै एक आपसमा असमझदारी भएका इसाईहरूको बीचमा समझदारीतिर डोऱ्याउँछन्।

१ कोरन्थी १३मा व्याख्या गरिएको प्रेमको प्रसङ्ग दुई अध्यायहरूको बीचमा आउँछन् जसले पवित्र आत्माको फल वा बरदानको बारेमा उल्लेख गरिएको छ। यो हामीहरूको निम्ति चासोको विषय हो। तर अध्याय १३ले प्रेमको बिषयमा व्याख्या गर्छ जुन् पवित्र आत्माको फल वा बरदान हो। त्यसको अर्थ मानिसमा जतिसुकै महान् गुण, बरदान वा प्रतिभाहरू किन नहुन् तर प्रेम छैन भने ती सबै निकम्मा हुन्छन्। स्पष्टरूपमा भन्ने हो भने पवित्र आत्माको फलबिना पवित्र आत्माकै बरदानहरू शक्तिहिन हुन्छन्। प्रेमबिना प्रचलनमा ल्याइएको वा चलाइएको कुनै पनि बरदान, प्रतिभा वा दक्षता परमेश्वरको चाहना अनुसार आशिषमय हुँदैन। तर पवित्र आत्माका सबै बरदान र फललाई टाँसिएर एकै ठाउँमा राख्ने सुपर ग्लु नै प्रेम हो। हामीले गरेको प्रत्येक कामलाई अरूको अगाडि विश्वासीलो र सत्यसावित गराउने तत्व प्रेम हो।

तपाईंको जीवनको कुन् भागहरू छन् जसले तपाईंमा प्रेमको अभाव भएको महसुस गर्नुहुन्छ? तपाईले दिनदिनै कारोबार गर्ने व्यक्तिलाई प्रेमको प्रवाह गर्न पवित्र आत्मासँग प्रेमले भरिदिन अनुरोध गर्नुहोस्। यो पनि याद राख्नुहोस्, परमेश्वरले हामीहरूलाई अरूहरूमार्फत प्रेम गर्नुहुन्छ। तपाईंले

अरूहरूलाई प्रेम देखाउने उपायहरू के के छन्? पवित्र आत्माको फलमा उल्लेख गरिएका गुणहरूलाई प्रेमले कसरी असर गर्छ सो सोच्नु होस्।

## ३ आनन्द, शान्ति र धैर्यता (२ पत्रुस ३:९)

रोमी १४:१७ यसरी पढिन्छः "परमेश्वरको राज्य खानपिनमा होइन। जे ठिक छ त्यही गर्ने र शान्ति र आनन्दले भरिपूर हुनु हो। ती सबै असल थोकहरू पवित्र आत्माबाट आउँदछ।" (रूपान्तरित)। त्यस पदले हामीलाई ठोकुवा गरि भन्दछ कि सही आनन्द भनेको परमेश्वरको आशिषबाट पाइएको प्रेमको नतिजा हो। उहाँ अति दयालु र क्षमाशील हुनुभएको नतिजाले नै हामीमा शान्ति र सत आनन्द हुन्छन्।

मानव आनन्द वा रमाइलोपनले संसारको थोकहरूमा केन्द्रित गराउँछ। यो मानविय आनन्द हामीहरूको वातावरण वा परिस्थितिमा भर पर्छ। तर सत्य आनन्द वा सच्चिदानन्दको जग पवित्र आत्माको फलको जगमा गाभिएको हुन्छ। यसले परमेश्वर र उहाँले हाम्रो निम्ति के गर्नुभयो त्यसमा हामीलाई केन्द्रित गराउँछ। हामीहरूको वातावरण वा परिस्थितिले त्यो आनन्दलाई असर पार्दैन अर्थात् प्रतिकुल परिस्थितिले हामीमा भएको आनन्दलाई हल्लाउन सक्दैन। यदि हामी परमेश्वरका सन्तान हौं भनेर दावी गर्छौं भने हामीहरू आनन्दित हुनैपर्छ। त्यसको अर्थ हामी सधैं हाँसिरहनुपर्छ भनेको होइन। हुनतः हामीहरूको मित्रवत मुस्काराइले अरूको मनलाई हलुको र आनन्दित पार्दछ। तर परमेश्वरमा हामीहरूको भरोसाले गर्दा हामी आनन्दित हुने धेरै कारणहरू हामीहरूको सामु तेर्स्याइएको हुन्छ। हाम्रो निम्ति उहाँले के गर्नुभयो र हामीमा उहाँले के गर्दै हुनुहुन्छ सो कुराको भेद थाहा पाएर हामी आनन्दित हुने अवसरमा पस्निन्छौं। किनभने आत्मिक आनन्द भनेको परमेश्वरमा जीवित विश्वास वा आस्थाबाट उत्पन्न हुन्छ।

शान्ति पवित्र आत्मासँग कसरी जोडिएको छ भनेर देहायका दुई पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्, यूहन्ना १४:२७ "म तिमीहरूलाई शान्ति दिएर जान्छु। मेरो आफ्नै शान्ति म तिमीहरूलाई दिन्छु र यो संसारले दिनेजस्तो शान्ति होइन। आफ्नो मनलाई विचलित हुन नदेओ र नडराओ।" र रोमी १४:१७,१८ "१७ किनभने परमेश्वरको राज्य भनेको खाने र पिउने कुरा होइन, तर यो पवित्र आत्मामा धार्मिकता, शान्ति र आनन्दको कुरो हो, जुन

पवित्र आत्माले दिनुहुन्छ। १८ यस किसिमले ख्रीष्टको सेवा गर्नेले परमेश्वरलाई खुसी तुल्याउँछ साथै मानिसबाट स्याबासी पनि पाउँछ।"

शान्ति भनेको खुशीको मुद्रामा रहिरनसक्ने खुबी हो। हामीहरूको प्रभु येशू ख्रीष्टमा विश्वासद्वारा परमेश्वरसँग ठिक हुन गयौं भने त्यसले शान्ति ल्याउँदछ (रोमी ५:१)। त्यसकारण परमेश्वरसँग मिल्न पवित्र आत्माले सहयोग गर्नुहुन्छ। अनि शान्ति र धिरजी स्वभाव हुन पवित्र आत्माले अगुवाई गर्नुहुन्छ जसले गर्दा अरूहरूमा तिनीहरूको प्रभाव पर्दछ। पावल प्रेरितले भन्दछन् "तिमीहरूमा (वा हामीहरूमा) परमेश्वरको शान्ति होस्" (फिलिप्पीहरूलाई ४:९) जुन् पवित्र आत्माद्वारा पाइन्छ। अनि हामीहरू एक आपसमा कचकच गर्दैनौं। हामी कसैको डाह, ईष गर्दैनौं वा प्रतिशोधको भावनालाई पोष्याउँदैनौं। बरू सकेसम्म हामीहरू सबैसँग शान्तिभावले सुमधुर सम्बन्ध राख्ने हुन्छौं (रोमी १२:१८)।

२ पत्रुस ३:८,९मा भनिएको हामीहरूको धैर्यताले परमेश्वर को हुनुहुन्छ भनेर देखाउनुको अर्थ के हो? हेर्नुहोस् "८ तर प्रियहरू, एउटा कुरा याद राख। परमप्रभु परमेश्वरलाई एक दिन र एक हजार वर्षमा केही फरक छैन। ९ कसै-कसैले विचारेजस्तो परमप्रभु परमेश्वर आफ्नो प्रतिज्ञा पूरा गर्न ढिलाउनुहुनेछैन। तर उहाँले तिमीहरूलाई पर्खिरहनुभएको छ। तिमीहरू कोही पनि नाश नभएको उहाँ चाहनुहुन्छ अनि सबैले आफ्ना पाप त्यागून् भन्ने उहाँको इच्छा छ।"

धेरै मानिसहरूको स्वभावमा धैर्यता पाइन्दैन। धैर्यता अर्थात् धिरजी हुनुको अर्थ अरू मानिसहरू जस्तै छ त्यसलाई स्वीकार गर्न सक्ने क्षमता हुनु हो। हामीहरूको बिचारमा अरूहरू चलेनन् भने त्यसलाई हेप्ने बानीबाट छुट्कारा पाउनु नै हामीमा परमेश्वरको धैर्यताले बास गरेको देखाउँछ। कतिपय समयमा हामीले अपेक्षा नगरेको अनुसार कुनै कुरा नचलेको होला तैपनि त्यसमा धैर्यता देखाएर सहनसक्नुपर्छ। जतिसुकै प्रतिकूल र कठिन समयमा पनि हामी एक्लै छैनौं भनेर हामी ठान्नुपर्छ। पवित्र आत्माद्वारा परमेश्वरले हामीलाई बलियो गरि राख्नुहुन्छ। हामीमा हुनुपर्ने धैर्यता उहाँले नै निर्माण गर्नुहुन्छ। धैर्यता अन्तिम समयमा रहेका येशूभक्तहरूको गुण हो (प्रकाश १४:१२)। त्यसकारण धैर्य हुन सिक्नु अत्यन्त आवश्यक लक्ष्य हो। जो मानिस धिरजी हुन सत्य रूपमा प्रयत्न गर्छ त्यसले धैर्य हुन सिक्छन्।

आनन्द, शान्ति र धैर्यता, तपाईंले आफ्नो जीवनमा कतिको पवित्र आत्माको ती फलहरूको उपभोग गरिरहनुभएको छ? ती मध्येमा तपाईंको जीवनमा कुनचाहीँ धेरै चाहिने भएको छ?

## ४. दयालु, असल र विश्वासमा दह्िलो हुनु (१ कोरन्थी १३:४)

१ कोरन्थी १३:४मा पावलले उल्लेख गर्दछन्: "प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ।" अरूप्रति सही र निश्वार्थी दया देखाउँदा मानिसहरूले किन सऱ्हाहना गर्दछन्? मानिसहरूसँगको कारोबारमा परमेश्वरले देखाउनुभएको दया तपाईंले कहाँ पाउनुहुन्छ?

"दया" भन्ने शब्द प्रायजसो त्यस सन्दर्भमा पाइन्छ जसमा परमेश्वरका जनहरूलाई उहाँले दया देखाउँदा वर्णन गरिन्छ। दया भनेको अरू मानिसहरूको कमी कमजोरी वा असफलहरूमा हामीले देखाउने सहनशीलता र दयालाई पनि वर्णन गर्न सकिन्छ। हामीहरूको अधर्म, पाप, कमजोरी र दोषहरूप्रति दिक्क भएर परमेश्वर हामीप्रति कठोर हुने उहाँको अधिकार छ। तर उहाँले भर्खर सिकिरहेका बालकलाई मायालु पिताले व्यवहार गरेको जस्तै उहाँले पनि हामीलाई त्यसरीनै व्यवहार गर्नुहुन्छ (होशे ११:१-४)। यो कुरा हामीले कहिलै पनि बिर्सनुहुन्न कि जब हामी अरूप्रति कठोर वा निर्दयी हुन्छौं तब हामीहरू जतिसुकै धर्मात्मा इसाई हौं भनेर दावि गरेतापनि, हामीहरूले दावी गरेका त्यो दावीको प्रभावलाई क्षतबिक्षत पार्दछौं र अरूलाई सुसमाचार सुनाउने वा गवाही दिने प्रभाव निश्क्रिय वा बेकम्मा हुनसक्छ। (अर्थात् हामी इसाईचाहीँ भन्ने अरूलाई दया देखाउने खुबी खाली छ भने त्यो इसाई नाउँकै अपमान हुन्छ)। अरूलाई दया देखाउन पैसा पर्दैन, तर दया देखाउँदा त्यस मानिसको हृदयको ढोका खोल्न सक्दछ। कोही मानिसले गल्ती नै गरेको छ भने त्यसप्रति हामी स्पष्ट भएर त्यस गल्तीलाई सच्याउन अडिग हुनसक्छौं। तर त्यस मानिसप्रति कठोर र निर्दयी हुनु आवश्यक छैन। कसैले गल्ती गरेको छ भने त्यसप्रति दया देखाउनु भनेको त्यस दया देखाउने मानिसले उसको उदार चित्त देखाउनु हो। त्यस नीतिले हामीमा भएको परमेश्वरको आदर्शलाई झल्क्याउँछ।

मानिस असल वा भलो हुनुमा के समावेश भएको छ? हेर्नुहोस् एफिसी ५:९ "किनकि सबै भलाइ, धार्मिकता र सत्यतामा नै ज्योतिको फल पाइन्छ।"

भलाइ वा असल हुनु भनेको प्रेमको सक्रियता हो। जब हामीमा पवित्र आत्माको फल फलाएर असल हुन्छौं तब हामीहरूको कामले र अरूको हितको निम्ति सक्रिय हुन्छौं। हरेक दिन हामीहरू जब निश्वार्थी र प्रेमिलो भएर उपयोगी कामहरू गर्दछौं तब हामी असल भएको देखाउँछौं। तर प्रथमतः पवित्र आत्मा हामीहरूमा रहनु नै पर्छ। तब अरूप्रति असल हुने स्वभाव हामीहरूको हृदयबाट स्वःत बगेर आउँछ।

गलाती ५:२२,मा भनिएको छः "२२ तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, २३ नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन।" हामी येशूभक्त वा इसाई हौं भनेर दावी गर्नेहरूले परमेश्वरको साथसाथमा आस्थावान भएर चल्नु किन जरुरी छ? अरूले हामीमाथि विश्वास गर्न सक्ने हामी हुनुपर्छ भन्ने नीति किन महत्त्वपूर्ण छ?

पवित्र आत्मा हामीहरूभित्र रहनुहुन्छ र हामीहरूलाई विश्वासीलो बनाउनुहुन्छ। अनि हामीहरूलाई अरूहरूले विश्वास गर्न सहज बनाइदिन्छौं। विश्वासीलो भन्नुको अर्थ अरूले हामीमाथि विश्वास गर्न सक्नु वा भर पर्न सक्नु हो। जो विश्वासीलो र भरपर्दो छ त्यसले जे गर्छु भनेर प्रतिज्ञा गर्छ त्यो उसले पूरा गर्दछ। प्रभु येशू विश्वासीलो र भरपर्दो हुनुहुन्थ्यो। उहाँलाई "विश्वासीलो वा भरपर्दो साक्षी" भनेर पनि सम्बोधन गरिएको छ। प्रकाश १:५। परमेश्वर पिता भरपर्दो र विश्वासीलो हुनुहुन्छ। उहाँले आफूले गर्नुभएको प्रतिज्ञा पूरा गर्नुहुन्छ र उहाँले जे गर्नुहुन्छ त्यसमा हामीले विश्वास गर्न सक्दछौं (१ कोरन्थी १:९, १ कोरन्थी १०:१३, १ थेस्सोलिनिकी ५:२४ र २ थेस्सोलिनिकी ३:३)। त्यसकारण जब हामी विश्वासीलो र भरपर्दो हुन्छौं तब हामीहरूको जीवनमा परमेश्वर हुनुहुन्छ भनेर हामी देखाउँदछौं। "हामीहरूको जीवनमा हामी अत्यन्त ठूला ठूला कामहरू गर्छौं होला तर परमेश्वरको सामु त्यो महत्त्वपूर्ण हुन्छ भन्ने छैन। तर ती सबै कामहरूको पछाडि हामीहरूका क्रियाकलाप र नियतहरू उहाँको सामु महत्त्वपूर्ण हुन्छ। हामीमा भएको जे असल छ र हामी जसरी विश्वासीलो भएर चल्छौं त्यो उहाँको निम्ति इनाममा गनिन्छ। हामीहरूका महान् कामहरूको नतिजा भन्दा हामीहरूमा भएका विश्वासीलो गुण र असल हृदय परमेश्वरको सामु पुरस्करिय हुन्छ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली २, पृ. ५१०बाट रूपान्तरित।

## ५ कोमल अर्थात् नम्र हुनु र आत्मसंयम वा आफूले आफूलाई बसमा राख्नु (मत्ती ५:५)

कोमल अर्थात् नम्र हृदय स्वभाव येशूभक्त अगुवामा हुनु अत्यन्त जरुरी छ भनेर देहायका दुई पदहरूले कसरी औँल्याउँछन्? हेर्नुहोस्ः गलाती ५:२३ पवित्र आत्माको फल "नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन।" र मत्ती ५:५ "धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्।"

कमलो हुनु, कोमल हुनु वा नम्र हुनु भनेको कमजोर हुनु होइन। नम्र हुनु भनेको काँतर वा डर छेरुवा हुनु भनेको पनि होइन वा अरूलाई दमन गर्ने खराब अगुवा हुनु पनि होइन। बाइबलमा मोशालाई यस संसारमा अत्यन्त नम्र तथा कोमल हृदय भएको (अत्यन्त कमलो र अहँ अर्थात् घमण्ड नभएको) व्यक्ति भनेर सम्बोधन गरिएको छ (गन्ती १२:३)। त्यसै वखत परमेश्वरको जनहरूको निम्ति उनी अत्यन्त शक्तिशाली र निडर अगुवा थिए। नम्र तथा कोमल हृदय भएका मानिसहरू हल्लाखल्ला गर्ने वा अरूको सामु आफू नम्र छु भनेर गौरब गरेर देखाउने खालका हुँदैनन् भन्ने तथ्यलाई हामीले सम्झन जरुरी छ। तिनीहरू मिलनसार हुन्छन् र झगडालु हुँदैनन्। तिनीहरू स्वार्थी र आफ्नो कुरालाई मात्र लगाउन जबरजस्ती गर्दैनन्। तर तिनीहरू कोमल तथा नम्रताको आत्माले जोशिलो भएर सेवा गर्दछन्। यस परिप्रेक्ष्यमा यो भन्न सकिन्छ कि नम्र हुनु भनेको ती मानिसहरूको बाहिरि गुण हो जसले भित्रि हृदयमा परमेश्वरमाथि विश्वास राखेका हुन्छन् र परमेश्वरले तिनीहरूको जीवनमा काम गरिरहनुभएको छ भनेर प्रदर्शित गर्दछन्। प्रायजसो जो मानिसहरू ठूला ठूला स्वरले कराउँछन्, आफूमात्र ठिक छ भनेर आफ्नो तर्कलाई जबरजस्ती अरूलाई लाइन खोज्छन् र अरूलाई दवाउन खोज्छन् तिनीहरू यथार्थमा आफ्ना कमजोरी र डरलाई लुकाउन त्यस्ता बानीहरू निकाल्छन्।

जब हामीले हामीहरूको जीवनलाई नियन्त्रणमा राख्न सफल भयौं भने के आशिष वा उपहार हामी पाउँछौं? यदि हामीहरूले आफूलाई बशमा राख्ने खुबी छैन भने कस्तो खालको नराम्रो र बिचलित जीउन हामीहरूले बिताउन वाध्य हुन्छौं? हेर्नुहोस् गलाती ५:२३सँग हितोपदेश १६:३२ "नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन।" "३२ मानिस धैर्यवान्

हुनु लड़ाका योद्धा हुनुभन्दा उत्तम हो, आफ्नो क्रोध वशमा राख्नु सहरै कब्जा गर्नुभन्दा बेस हो।"

पवित्र आत्माको फलको अन्तिम भागमा आफूले आफूलाई बशमा राख्नु नै आत्मसंयम हो। आफूलाई बशमा राख्ने क्षमता हामी सबैको आवश्यकता हो। हामीहरूको जीवनमा हामी सबै आत्मसंयमको निम्ति संघर्ष गर्छौं। देश, शहर, समाज (परिवार) र चर्चमाथि नियन्त्रण गर्नुभन्दा पहिले आफूले आफूलाई नियन्त्रण गर्न सक्ने हुनुपर्छ। आफूले आफूलाई बशमा राख्ने वा आत्मसंयम अपनाउनु भनेको केवल खान पिनमामात्र होइन तर जीवनको प्रत्येक भागलाई नियन्त्रण गर्नु हो।

प्रत्येक येशूभक्तको जीवनमा प्रत्येक पक्षबाट येशू ख्रीष्ट झल्काउने खुबी हुन सक्नु नै युगको चाहना हो। यदि हामी पवित्र आत्माको फलले सुसज्जित छौं भने हामी प्रभु येशू ख्रीष्टमा गाभिएर बसेका छौं भनेर देखाउँछौं। यसले सबै विश्वासीहरूलाई एकत्रित पार्दछ।

तपाईंको जीवनमा कुन् भाग छ जसमा अझ बेसि आत्मसंयमको आवश्यक भएको महसुस गर्नु भएको छ? हुनसक्छ जीवनको एक भागमाथि तपाईं नियन्त्रण गर्नुहुन्छ होला। तर अरू भागलाई तपाईंले नियन्त्रण गर्ने क्षमता नै नभएको महसुस गरिरहनुभएको होला। जीवनलाई बशमा राख्ने खुबी परमेश्वरको शक्तिबाट आउँछ। जीवनको हरेक भागहरूमा आत्मनियन्त्रण हुनु किन जरुरी छ?

## उपसंहार

थप जानकारीः "गलाती ५:२२,२३लाई बर्तमान भाषामा यसरी राख्न सकिन्छः "पवित्र आत्माको फल भनेको न्यानो-हृदय हुनु हो। यो मायालु हुन्छ। यो आनन्द र खुशीले चम्किनु हो। यो फल शान्त स्वभाव वा दिमाग हुनु हो। यो कसैसँग बोल्दा र कुनै पनि काम गर्दा नम्र तथा कोमल भावना देखाउनु हो। यो व्यवहारमा हठी र गाऱ्हो भएको मानिससँग र जटिल परिरिस्थितिमा अत्यन्त धैर्यवान हुनु हो। यसले अरूलाई सहानुभूति देखाउँछ। यो सहयोगी हुन्छ, दिलदार र अरूप्रति असल न्याय देखाउँछ। यो बफादारी र सत्यवादी हुन्छ। यसमाथि जहिले पनि भरोसा राख्न सकिन्छ। जब अरूलाई सहयोग गर्छ तब यो यसरी आनन्दित हुन्छ कि उसले आफूलाई बिर्सन्छ। सबै कुरामा आत्मसंयम हुन्छ अर्थात् आफूले आफैलाई नियन्त्रण गर्ने खुबी यसमा हुन्छ।

जब हामी आत्मसंयमी हुन्छौं वा आफूले आफूलाई बशमा राख्ने खुबी तब हामी पक्का गरि येशू जस्तो भएको देखाउँछौं। हामीहरूले आफ्नै प्रयासले पवित्र आत्माको फल फलाउन सक्दैनौं। हामी येशूमा रहेर र उहाँको आत्मा हामीमा रहन दिएर हामी पवित्र आत्माको फल उत्पादन गर्छौं। चिन्ता गरेर पवित्र आत्माको फलालई हामी फलाउन सक्दैनौं। परमेश्वरमाथि भरोसा राखेर हामी बढ्छौं। हामीहरूले धर्मकर्म गरेर पवित्र आत्मालाई हामीहरूको जीवनमा उमार्न सक्दैनौं। परमेश्वरमाथि आस्था वा विश्वास राखेर यसलाई बढन् दिइन्छ।"- आर्थर वाकिङ्गटन पिङ्कमा एस, चाडबिकद्वारा लिखित द *होली स्पिरिट* (बेलिङ्गटन, वाशिङ्गटनः लोगोस बाइबल सफ्टवेर), पृ. ३०बाट रूपान्तरित।

"तपाईंको हृदयमा सत्यलाई प्रेम गर्ने आत्मा तपाईंमा छ भनेर कल्पना गर्नुहोस्। अनि तपाईंको कुराकानीमा सत्यको बिषयलाई चासो देखाउनुहुनेछ। येशूमा तपाईंको रहेको आशिषमय आशाको बारेमा तापाईं चर्चा गर्नुहुनेछ। तपाईंको हृदयमा प्रेमलाई रहन दिनुहोस्। अनि तपाईंले तपाईंको भाईको जीवनमा विश्वासलाई स्थापना गर्न र त्यसको निर्माण तपाईं प्रयत्न गर्नुहुनेछ। अनि कसैले तपाईंको साथी र भाईको बारेमा नराम्रो कुरो गर्‍यो वा उसको आलोचना गर्‍यो भने त्यसको बिरुद्धमा बोलेको कुराको आगोलाई घिउ थप्नुहुन्न। यो त शत्रुको काम हो। तपाईंले त्यो बोल्नेलाई दयालु पाराले भन्नुहुनेछ कि परमेश्वरको वचनले अरूको बारेमा त्यसरी बोल्न अनुमति दिएको छैन।"-एलेन जी ह्वाइट, यी श्याल रिसिभ पावर, पृ. ७६बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. आत्म नियन्त्रणको बारेमा बिचारबिमर्स गर्नुहोस्। यदि हामी परमेश्वरको अनुग्रहले मुक्ति पाउँछौं भने पापमाथि बिजय भएर जित्नु किन जरुरी छ? के सुसमाचारको अर्थ नै पापको क्षमा दिने होइन र? फेरि त्यसै समय यहूदा इस्करयोतीको बारेमा सोच्नु होस्। लोभको पापले उसलाई के गर्‍यो? उसको उदाहरणले पापमाथि बिजय पाएर बस्नु छ भनेर हामीलाई कसरी सिकाउँछ? हामीहरूको जीवनमा पापमाथि बिजय पाएर बस्नु जरुरी छ भनेर एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको देहायको मनतव्यले कसरी देखाउँछ? हेर्नुहोस्:

"एउटा गलत सोच, भावना वा काम, एउटा पापी इच्छालाई हृदयमा पोषाई राखियो भने अन्तमा तिनीहरूले सुसमाचारको शक्तिलाई ध्वस्त पार्दछ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ५, पृ. ५३बाट रूपान्तरित।

२. पवित्र आत्माका धेरै बरदानहरूमा आत्माको फल किन बढि महत्त्वपूर्ण किन छ?

३. १ कोरन्थी १३ फेरि मनन गर्नुहोस्। यसको अर्थ के हो? पावल प्रेरितले हामीहरूको जीवनमा प्रेमको आवश्यकता छ भनेर किन जिकिर गर्दछन्? पावलले यहाँ भन्नुभएको अनुसार हामीमा प्रेम हुन कसरी सिक्ने? हामीहरूको जीवनमा आफूले आफूलाई त्यागन सक्ने खुबी र येशूमा गाभिएर जीउने नीतिले मात्र त्यस किसिमको प्रेमले सफलता पाउँछ भनेर कसरी सिक्ने? हामीले मन नपाराएका मानिसहरूलाई माया देखाउन हामीमा येशू रहन आवश्यक छ र हामीले स्वार्थलाई मार्नु आवश्यक छ भन्ने नीति किन महत्त्वपूर्ण छ?